# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: ८२८८

मिति : २०८३/०३/०२

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८३/०३/०५ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

.........................................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

**राकेश कुमार चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

CamScanner

## मिति २०८३/०३/०५ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. गाउँसभा बैठक सम्बन्धमा ।

३. विविध विषयका सम्बन्धमा ।

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८३/०३/०५ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | Tika | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | तेजमाया | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृतिका लागि बौदीकाली गाउँसभाको सोहौं अधिवेशन मिति २०८३/०३/१० गते बिहान ९ बजे बौदीकाली गाउँपालिकाको सभाहलमा आव्हान गर्ने निर्णय गरियो । गाउँ सभामा प्रस्तुत गरिने नीति, कार्यक्रम, बजेट तथा अन्य प्रस्तावहरू अन्तिम रूप दिई सभामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो । गाउँ सभा सञ्चालनका लागि आवश्यक व्यवस्थापन, सूचना प्रकाशन, सदस्यहरूलाई जानकारी तथा अन्य प्रशासनिक कार्यहरू सम्पन्न गर्न सम्वन्धित शाखाहरूलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिकालाई दाताबाट निःशुल्क दानस्वरूप प्राप्त हुने जग्गा गाउँपालिकाको नाममा स्वीकार गरी आवश्यक कानुनी प्रक्रिया पूरा गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो । उक्त जग्गा बौदीकाली गाउँपालिकाको नाममा नामसारी (पास) गर्ने, आवश्यक कर तथा शुल्क छुटका लागि सम्वन्धित निकायमा पहल गर्ने तथा प्रचलित कानून बमोजिम आवश्यक सम्पूर्ण प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

- बौदीकाली- १ स्थित मचेडी सामुदायिक स्वास्थ्य इकाईको भवन तथा स्वास्थ्य सेवा संचालन/विस्तारका लागि दाताबाट निःशुल्क दानस्वरूप प्राप्त हुने जग्गा गाउँपालिकाको नाममा स्वीकार गरी आवश्यक कानुनी प्रक्रिया पूरा गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो । उक्त जग्गा बौदीकाली गाउँपालिकाको नाममा नामसारी (पास) गर्ने, आवश्यक कर तथा शुल्क छुटका लागि सम्वन्धित निकायमा पहल गर्ने तथा प्रचलित कानून बमोजिम आवश्यक सम्पूर्ण प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

- बौदीकाली- ६ स्थित नरम स्वास्थ्य चौकीको भवन तथा स्वास्थ्य सेवा संचालन/विस्तारका लागि दाताबाट निःशुल्क दानस्वरूप प्राप्त हुने जग्गा गाउँपालिकाको नाममा स्वीकार गरी आवश्यक कानुनी प्रक्रिया पूरा गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। उक्त जग्गा बौदीकाली गाउँपालिकाको नाममा नामसारी (पास) गर्ने, आवश्यक कर तथा शुल्क छुटका लागि सम्वन्धित निकायमा पहल गर्ने तथा प्रचलित कानून वमोजिम आवश्यक सम्पूर्ण प्रक्रिया अगाडी वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

- वौदीकाली गाउँपालिकामा कार्यरत हेभी सवारी चालक श्री खिम वहादुर सार्कीले नियमित सवारी साधन सञ्चालनका अतिरिक्त गाउँपालिकाको व्याकहो लोडर सञ्चालन गर्ने कार्यसमेत गर्दै आएको हुँदा कार्यको प्रकृति, जिम्मेवारी तथा जोखिमलाई दृष्टिगत गरी व्याकहो लोडर सञ्चालन गरे वापत प्रति घण्टा रु. १२०/- (अक्षेरेपी एक सय विस रुपैयाँ मात्र) मा नियमानुसार करकट्टी गरी भत्ता उपलब्ध गराउने निर्णय गरियो। उक्त भत्ता कार्यसम्पादनको प्रमाणित लगवुक (Log Book), कार्य आदेशका आधारमा मात्र उपलब्ध गराइनेछ। साथै उक्त भत्ता व्यवस्था प्रचलित कानून तथा गाउँसभावाट स्वीकृत सेवा सुविधा सम्वन्धी व्यवस्था अनुसार लागू हुने गरी स्वीकृतिका लागि गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

- वौदीकाली-२, डेढगाउँ स्थित ढुवाङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई बौदीकाली गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्वन्धी कार्यविधि, २०८० र बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८० बमोजिम दर्ता गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको विभिन्न मिति र समयमा बसेको विषयगत समितिको बैठकले पेश गरेको निर्णयहरु स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको विभिन्न मिति र समयमा बसेको विषयगत समितिको बैठकले पेश गरेको प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको विभिन्न मिति र समयमा बसेको राजस्व परामर्श समितिको बैठकले पेश गरेको प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको विभिन्न मिति र समयमा बसेको लेखा समितिको बैठकले पेश गरेको प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको विभिन्न मिति र समयमा बसेको स्रोत अनुमान तथा बजेट निर्धारण समितिको बैठकले पेश गरेको प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

- गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं. ११८ मिति २०८३/०२/२३ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । बौदीकाली गाउँपालिका गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सदस्य रहेको हुँदा महासंघबाट निर्धारण गरिएको आर्थिक वर्ष २०८३/०८४ को सदस्यता शुल्क प्रचलित आर्थिक ऐन, नियम तथा बजेट व्यवस्थाको अधीनमा रही **"विभिन्न संघसंस्था सहायता"** शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो। साथै उक्त सदस्यता शुल्क भुक्तानीका लागि आवश्यक प्रशासनिक तथा आर्थिक प्रक्रिया पूरा गरी सम्वन्धित निकायमा रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

- बौदीकाली गाउँपालिका क्षेत्रभित्र मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराईरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघात भएका बिरामीहरुको औषधि उपचार लामो समयसम्म गर्नुपर्ने र खर्चिलो हुने हुँदा बिरामीलाई हुन जाने आर्थिक भार कम गर्न औषधि उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार लाभग्राही (लक्षित वर्ग) विपन्न परिचय पत्र प्राप्त भएको हुनुपर्ने र विपन्न परिचयपत्र जारि नभएकाहरुको हकमा विपन्न सिफारिस समितिको सिफारिस वा कार्यपालिकाको निर्णय हुनुपर्ने व्यवस्था भए अनुसार वडा कार्यालयको विपन्न सिफारिस सहित स्वास्थ्य शाखामा हालसम्म निवेदन प्राप्त हुन आएको तपसिलका लाभग्राहीहरु विपन्न नागरिक भनी प्रमाणित गर्ने निर्णय गरियो ।

| क्र.सं. | लाभग्राहीको नाम/ उमेर/ लिंग | राष्ट्रिय परिचयपत्र/ना.प्र.प./जन्मदर्ता | वडा नं. | लक्षित समुह |
|---|---|---|---|---|
| १ | अशिम मश्रांगी मगर/३५/पु | ७७-०१-७८-०५१५२ | ३ | डायलासिस |
| २ | आशिका चुहान मगर/१३/म | १३४ | ६ | क्यान्सर |
| ३ | कुमार मश्रांगी मगर/३५/पु | २०२२/५१२ | ३ | डायलासिस |
| ४ | खुम बहादुर सुस्लिंग/३८/पु | ४०७०४ | १ | डायलासिस |

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

| | | | | |
|---|---|---|---|---|
| ५ | गम बहादुर थापा ठाडा/४५/पु | ६०६२ | २ | डायलासिस |
| ६ | चित्र बहादुर वि.क./४२/पु | ई.१२/२५४ | ४ | क्यान्सर |
| ७ | निरा माया गाहा/६३/म | ६/३८७ | ३ | क्यान्सर |
| ८ | पृथी माया अस्लामी मगर/२१/म | ७७/०१/७८/०७३०३ | ५ | क्यान्सर |
| ९ | प्रणय ओझा/३/पु | २५५८ | २ | क्यान्सर |
| १० | फरिस्ता सोती/३२/म | ३६२०२०/१७८ | ६ | क्यान्सर |
| ११ | कान्तिमाया बंशी ठकुरी/४०/म | ३६३०१७/२४९ | १ | मेरुदण्ड |
| १२ | मिन बहादुर दर्लामी मगर/५३/पु | ६/४४ | २ | क्यान्सर |
| १३ | रेखा खान ठकुरी ४५/म | ३६२०१७/३१५ | १ | क्यान्सर |
| १४ | राजु कुमार सुनार/३७/पु | ३६३०१७/२७२ | १ | मेरुदण्ड |
| १५ | राधा फाल मगर/४९/ | ३१२५ | ४ | क्यान्सर |
| १६ | कमल सारुमगर/१३/पु | ९४ | ३ | क्यान्सर |
| १७ | सुकुमाया कामी/५९/म | ६/५२३ | २ | क्यान्सर |
| १८ | सुर्य बहादुर वन्टाकी मगर/२८/पु | ३६२०२०/६३७ | ६ | डायलासिस |
| १९ | हुम बहादुर खत्री क्षेत्री/३५/पु | ३६२०२३/९५ | २ | क्यान्सर |
| २० | काशिराम माकिम मगर/५५/पु | ९/६११५ | ६ | डायलासिस |
| २१ | गोमा माया सारु मगर | ३९५३३ | २ | क्यान्सर |
| २२ | टक माया दर्लामी मगर | ३६३०२१/२ | ४ | क्यान्सर |
| २३ | जयमती गाहा मगर | ३१४६३ | ६ | क्यान्सर |
| २४ | मन बहादुर बि.क. | ना.प्र.प. ५०२११ | २ | डायलासिस |
| २५ | तिलक बहादुर गाहा | ना.प्र.प. ३२१४ | ४ | क्यान्सर |
| २६ | दल बहादुर राना मगर | ना.प्र.प. ३९९३३ | २ | डायलासिस |
| २७ | रेखिराम ठाडा | ना.प्र.प. ६/५३४ | ३ | डायलासिस |
| २८ | बलु माया थापा | ना.प्र.प.३९३०१३ | २ | डायलासिस |

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिका वडा नं. ५, बबकको प.सं. ०८२/०८३ च.नं. ३७१ मिति २०८३/०१/३१ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-५, बबक निवासी रुप सिं सुनारी मगरको श्रीमती लिल कुमारी सुनारी मगरको ढाडको हड्डी भाँच्चिएको कारण मौलाकालिका अस्पताल प्रा.लि. मा शल्यक्रिया भएको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधीं उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ४, रुचाङ्गको प.सं. ०८२/०८३ च.नं. ७७३ मिति २०८३/०३/०४ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-४, रुचाङ्ग निवासी पृथ्वीमाया फाल मगरको श्रीमान वर्ष ५१ का देउ सिं फाल मगरलाई मस्तिष्कघात भई उपेन्द्र देवकोटा मेमोरियल न्युरो अस्पताल, काठमाडौंमा उपचाररत रहेको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ३, रकुवाको प.सं. ०८२/०८३ च.नं. ६८२ मिति २०८३/०२/२२ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-३, रकुवा निवासी रेखिराम ठाडा क्यान्सर रोगबाट पिडित भई उपचाररत रहेको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकवाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद थपका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

- नेपाल सरकारको राष्ट्रिय खोप कार्यक्रम, राष्ट्रिय पूर्ण खोप सुनिश्चितता तथा दिगोपना निर्देशिका, २०७९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्वास्थ्य सम्बन्धी प्रचलित कानुन बमोजिम बौदीकाली गाउँपालिकाका सबै वडामा खोप लगाउन योग्य बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार सबै खोप प्राप्त गरेको, खोपबाट छुट भएका बालबालिकाको खोजी तथा खोप सुनिश्चित गरिएको, नियमित खोप सेवा प्रभावकारी रूपमा सञ्चालन भएको तथा सम्बन्धित वडा एवं पालिकास्तरीय पूर्ण खोप सुनिश्चितता तथा दिगोपना समन्वय समितिबाट आवश्यक प्रमाणीकरण सम्पन्न भएको आधारमा बौदीकाली गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने निर्णय गरियो।

- बौदीकाली-२, डेढगाउँ अन्तर्गत सिंहटारी-वि.पी. चोक-अकलादेवी मन्दिरसम्म बाटो कालोपत्रे योजनाको चौथो खण्डको लागत अनुमान तयार गर्दा कालोपत्रे खण्डको परिमाण निकाल्दा ढलान खण्ड घटाउनु पर्नेमा त्रुटीवश ढलान खण्डको परिमाण पनि कालोपत्रे खण्डमा जोडिएको, स्थलगत अवस्था अनुसार लागत अनुमान बमोजिमको परिमाण थपघट भएको र सो योजना अन्तर्गत थप काम गर्नुपर्ने नदेखिएको हुँदा प्राविधिक प्रतिवेदन अनुसारको Variation Order (VO) स्वीकृत गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका, गाउँ विपद व्यवस्थापन समितिको विभिन्न मिति र समयमा बसेको बैठकले पेश गरेको प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका, वडा नं २ निवासी जगन्नाथ ढकालले पेश गरेको कागजात उपर आवश्यक जाँचबुझ र छलफल गर्दा निजको पशु गोठमा आगलागी भई पशु चौपाया र अन्य क्षती भएको भनि प्रहरी मुचुल्का सहितको विवरण पेश भएकोले निजको परिवारलाई नियमानुसार कागजात र विवरण पेश गराई रु.७५,०००/- (पचहत्तर हजार रुपैया मात्र) राहत रकम विपद् व्यवस्थापन कोष/ विपद् व्यवस्थापन खर्च शिर्षकबाट रकम उपलब्ध गराउन गाउँ विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएकोले सोहि अनुसार गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

- ईलाका प्रहरी कार्यालयबाट माग भएका विपद् खोज उद्धार सामाग्री पालिकाले खरिद गरी स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रमा राख्न गाउँ विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएकोले सोहि अनुसार गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका, वडा नं. ५ स्थित लामा कृषि तथा पशुपन्छी फर्मले आफ्नो फर्म पहिरोको जोखिममा परेको र राहत तथा आर्थिक सहयोग माग गरेकोमा निजको फर्म स्थलगत अनुगमन गरी प्राविधिक लागत अनुमान बमोजिम रु.५०,०००/- (पचास हजार रुपैया) सम्म विपद् व्यवस्थापन कोष/ विपद् व्यवस्थापन खर्च शिर्षकबाट पशुपन्छी फर्म पूर्वाधार पुनर्निर्माणको लागि गाउँ विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएकोले सोहि अनुसार गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका, वडा नं. ४ निवासी देत्त बहादुर खण्डलुक मगरको घर जोखिममा परेको हुँदा सहयोग उपलब्ध गराई पाँउ भनि निवेदन पेश गरेकोमा निजको घरको क्षति विवरण यकिन हुन नसकेकोले प्राविधिकलाई स्थलगत अनुगमन गराई प्राविधिक प्रतिवेदन र प्रहरी मुचुल्काको आधारमा अर्को बैठकबाट थप छलफल गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका, वडा नं. १ निवासी राजु बस्यालले घर जोखिममा भई राहत आर्थिक सहयोग उपलब्ध गराई पाँउ भनि निवेदन पेश गरेकोमा प्राविधिकद्वारा स्थलगत अनुगमन गरी निजलाई प्राविधिक लागत अनुमान अनुसार गाउँपालिकाले विपद् व्यवस्थापन कोष/ विपद् व्यवस्थापन खर्च शिर्षकबाट खर्च लेख्ने गरी जस्ता पाता उपलब्ध गराउन गाउँ विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएकोले सोहि अनुसार गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ४, रुचाङ्गको प.सं. ०८२/०८३ च.नं. ५४५ मिति २०८२/१२/०५ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-४, रुचाङ्ग निवासी पार्वती थापाको श्रीमान तिलक बहादुर गाहा मगर क्यान्सर रोगबाट ग्रसित भई वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवनमा उपचाररत रहेको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

CamScanner

वौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०३/०५ गतेको आ.व. २०८२/०८३ को पन्ध्रौं बैठकका निर्णयहरु :

- वौदीकाली गाउँपालिका, वडा नं. १ निवासी भिम बहादुर श्रेष्ठले घर जोखिममा भई राहत आर्थिक सहयोग उपलब्ध गराई पाँउ भनि निवेदन पेश गरेकोमा प्राविधिकद्वारा स्थलगत अनुगमन गरी निजलाई प्राविधिक लागत अनुमान अनुसार गाउँपालिकाले विपद् व्यवस्थापन कोष/ विपद् व्यवस्थापन खर्च शिर्षकवाट खर्च लेख्ने गरी जस्ता पाता उपलब्ध गराउने निर्णय गरियो ।

- वौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत राजश्व सुधार कार्ययोजना, प्रयास प्रारम्भ प्रा.लि., विर्तामोड, झापाको प्राविधिक सहयोगमा तयार गरिएको मस्यौदा उपर छलफल गरी आवश्यक संशोधन सहित स्वीकृत गर्ने तथा उक्त राजश्व सुधार कार्ययोजनालाई कार्यान्वयनका लागि पारित गर्ने निर्णय गरियो ।